यो आकाशवाणी हो।  ……**16 august 2026**

सर्वप्रथम मुख्य समाचार

- सरकारले पाकिस्तानका सामाजिक सञ्जालमा प्रसारित गरिएको त्यस भिडियोको खण्डन गरेको छ, जसमा राष्ट्रपतिले राफेल विमानसम्बन्धी छानबिन आयोग गठन गर्नेबारे बयान दिनुभएको दाबी गरिएको थियो।
- राष्ट्रपति उपराष्ट्रपति तथा प्रधानमन्त्रीले आज पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको पुण्यतिथिका अवसरमा स्मारक 'सदैव अटल' मा पुष्पाञ्जली अर्पण गर्नुभयो,
- 'हर घर तिरङ्गा' अभियानअन्तर्गत आज हरियाणाको करनालमा 'तिरङ्गा यात्रा' निकालियो। यो अभियान यस महिनाको नौ तारिखदेखि सत्र तारिखसम्म देशभर सञ्चालन भइरहेको छ। अनि
- राष्ट्रिय परीक्षा एजेन्सीले यस वर्ष जुन महिनामा सम्पन्न भएको यूजीसी–नेट परीक्षाका चौरासी विषयका **अनन्तिम उत्तरकुञ्जी** सार्वजनिक गरेको छ।

**तथ्य जाँच–राष्ट्रपति**

सरकारले पाकिस्तानका सामाजिक सञ्जालमा प्रसारित गरिएको त्यस भिडियोको खण्डन गरेको छ, जसमा राष्ट्रपति द्रौपदी मुर्मुले राफेल विमानसम्बन्धी छानबिन आयोग गठन गर्नेबारे बयान दिनुभएको दाबी गरिएको थियो। पत्र सूचना कार्यालय–पी.आई.बी-को तथ्य जाँच एकाइले उक्त दाबीलाई फर्जी ठहर गरेको छ। पी.आई.बी-ले स्पष्ट पारेको छ कि राष्ट्रपतिले यस्तो कुनै बयान दिनुभएको छैन। पी.आई.बीले नागरिकहरूलाई सतर्क रहन तथा सत्यापित जानकारीका लागि आधिकारिक स्रोतहरूमाथि मात्र विश्वास गर्न आग्रह गरेको छ।

**वाजपेयीलाई श्रद्धाञ्जली**

राष्ट्रपति द्रौपदी मुर्मु, उपराष्ट्रपति सी.पी. राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले आज पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको पुण्यतिथिका अवसरमा नयाँ दिल्लीस्थित उहाँको स्मारक 'सदैव अटल' मा पुष्पाञ्जली अर्पण गर्नुभयो। उप-राष्ट्रपति सीपी राधाकृष्णनले सोशल मीडिया पोस्टमा भन्नुभएकोछ, अटल जी को विरासत राष्ट्रका लागि प्रेरणाको स्रोत बनी रहेको छ। उहाँले राष्ट्र निर्माण, समावेशी नेतृत्व र राष्ट्रीय गौरव प्रति उनको वचनबद्धताले भावी पीढीलाई प्रेरित गरिरहनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, भारतको प्रगतिमा पूर्व प्रधानमन्त्रीको भूमिका अतुलनीय छ। गृहमन्त्री अमित शाहले पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयी ,प्रधानमन्त्री बन्नुअघि लामो समयसम्म विपक्षमा रहे पनि कहिल्यै आफ्ना सिद्धान्तसँग सम्झौता नगरेको बताउनुभएको छ। यही कारणले उहाँलाई **'अजातशत्रु'** भनिने गरेको पनि श्री शाहले उल्लेख गर्नुभयो। केन्द्रीय मन्त्री मनोहर लालले आज पूर्वप्रधानमन्त्री तथा भारत रत्न अटल बिहारी वाजपेयीलाई श्रद्धाञ्जली अर्पण गर्नुभयो।

हरियाणाको करनालमा आयोजित एउटा कार्यक्रममा उहाँले राष्ट्रनिर्माणमा पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको योगदान अविस्मरणीय रहेको बताउनुभयो।

**चण्डीगढ–तिरङ्गा यात्रा**

'हर घर तिरङ्गा' अभियानअन्तर्गत आज हरियाणाको करनालमा 'तिरङ्गा यात्रा' निकालियो। यो अभियान यस महिनाको नौ तारिखदेखि सत्र तारिखसम्म देशभर सञ्चालन भइरहेको छ। तिरङ्गा यात्रालाई केन्द्रीय ऊर्जा मन्त्री मनोहर लालले शुभारम्भ गर्नुभयो। ठूलो सङ्ख्यामा नागरिकहरूले हातमा राष्ट्रिय झण्डा बोकेर यात्रामा सहभागिता जनाए। केन्द्रीय मन्त्री स्वयं मोटर-साइकलमा सवार भई

यात्रामा सहभागी हुनुभएको थियो, जसले सहभागीहरूको उत्साह अझ बढाएको थियो। यस यात्राको उद्देश्य प्रत्येक नागरिकसम्म देशभक्ति र राष्ट्रिय गौरवको सन्देश पुर्‍याउनु रहेको छ।

### एनटीए–यूजीसी नेटको उत्तरकुञ्जी

राष्ट्रिय परीक्षा एजेन्सीले यस वर्ष जुन महिनामा सम्पन्न भएको यूजीसी–नेट परीक्षाका चौरासी विषयका **अनन्तिम उत्तरकुञ्जी** सार्वजनिक गरेको छ। उम्मेदवारहरूले अठार अगस्ट सम्म यी उत्तरकुञ्जीमा आपत्ति जनाउन सक्नेछन्। यसका लागि यूजीसी–नेट पोर्टलमार्फत अनलाइन आवेदन दिनुपर्नेछ। प्रत्येक उत्तरमा आपत्ति जनाएबापत दुई सय रुपियाँ शुल्क तिर्नुपर्नेछ। साथै, उम्मेदवारहरूले आफ्नो आपत्तिको समर्थनमा आवश्यक कागजातसमेत पेश गर्नुपर्नेछ। एन.टी.ए.ले अन्य कुनै माध्यमबाट पठाइएका आपत्तिहरू स्वीकार नगरिने स्पष्ट पारेको छ। आपत्ति शुल्क बुझाउने अन्तिम मिति पनि अठार अगस्ट नै रहेको छ।

### भारत–ब्रिक्स बैठक

भारतले आगामी मङ्गलबार, अठार अगस्टका दिन नयाँ दिल्लीमा ब्रिक्स देशका वातावरण मन्त्रीहरूको बाह्रौँ बैठक आयोजना गर्नेछ। यसै सिलसिलामा भोलि वातावरण कार्य समूह तथा जलवायु परिवर्तन र दिगो विकाससम्बन्धी सम्पर्क समूहका अधिकारीहरूको बैठक हुनेछ। भारतको अध्यक्षतामा आयोजना भइरहेको यस ब्रिक्स सम्मेलनको विषय "लचिलोपन, नवप्रवर्तन, सहकार्य र दिगोपनको निर्माण" रहेको छ। ब्रिक्स देशका वातावरण मन्त्रीहरूको बैठकको अध्यक्षता पर्यावरण, वन तथा जलवायु परिवर्तनमन्त्री श्री भूपेन्द्र यादवज्यूले गर्नुहुनेछ। मन्त्रालयका अनुसार, यो बैठक सार्थक छलफल गर्ने, सहमति निर्माण गर्ने तथा वातावरणीय सहकार्यलाई अझ सुदृढ बनाउने महत्वपूर्ण मञ्च हुनेछ। मन्त्रालयले जनाएको छ कि भारतले ब्रिक्स वातावरण कार्य समूहका लागि चारवटा प्राथमिकताका क्षेत्र पहिचान गरेको छ।

### वाराणसी विमानस्थलमा दुर्घटना

उत्तर प्रदेशको वाराणसी विमानस्थलमा आज मुम्बई जाने एयर इन्डिया एक्सप्रेसको उडानका एक यात्रुको लाइसेन्सप्राप्त बन्दुक, सुरक्षा जाँचका क्रममा आकस्मिक रूपमा पड्किएको छ। नागर विमानन मन्त्रालयका अनुसार, ती यात्रुले निर्धारित प्रक्रियाअनुसार चेक–इन काउन्टरमा आफ्नो बन्दुक र एक्काइस राउन्ड जीवित गोली रहेको जानकारी दिएका थिए। त्यसपछि उनलाई अनिवार्य सुरक्षा जाँचका लागि निर्धारित स्क्रिनिङ क्षेत्रमा लगिएको थियो। हतियारको जाँच गर्ने क्रममा बन्दुकबाट अचानक गोली चलेको र गोलीका छर्रा लागेर दुई जना सुरक्षा कर्मचारी घाइते भएका छन्। मन्त्रालयका अनुसार घाइते सुरक्षा कर्मचारीलाई उपचारका लागि वाराणसीस्थित **न्यु लक्ष्मी ट्रमा सेन्टरमा** भर्ना गरिएको छ। यात्रुलाई अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि हिरासतमा लिइएको मन्त्रालयले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ।

### आन्ध्र प्रदेश–पेम्मासानी

केन्द्रीय ग्रामीण विकास तथा सञ्चार राज्यमन्त्री डा. पेम्मासानी चन्द्रशेखरले आन्ध्र प्रदेशको गुन्टुरमा करिब बीस करोड रुपियाँको लागतमा सरकारी क्षेत्रीय पुस्तकालयका लागि आधुनिक सुविधासहितको भवन निर्माण गरिने घोषणा गर्नुभएको छ। उहाँले आज गुन्टुरमा बोल्दै ब्रिटिस शासनकालमा सन् उन्नाइस सय पन्ध्रमा स्थापना भएको यस पुस्तकालयबाट धेरै पुस्ताका विद्यार्थी तथा पाठकहरू लाभान्वित हुँदै आएको बताउनुभयो। उहाँले हालको भवन पुरानो भइसकेकाले यसको पुनर्निर्माण आवश्यक रहेको उल्लेख गर्नुभयो। यस कार्यका लागि आज डा. चन्द्रशेखर र जिल्लाधिकारी साई कान्त वर्माको उपस्थितिमा सम्झौतामा हस्ताक्षर गरिएको छ। शीघ्रै भवनको शिलान्यास गरिनेछ।

## बीडब्ल्यूएफ विश्व ब्याडमिन्टन च्याम्पियनसिप

बीडब्ल्यूएफ विश्व ब्याडमिन्टन च्याम्पियनसिप भोलिदेखि नयाँ दिल्लीस्थित इन्दिरा गान्धी स्टेडियममा सुरु हुँदैछ। प्रतियोगिता अगस्ट तेईस तारिखसम्म सञ्चालन हुनेछ। भारतले दोस्रो पटक यस प्रतियोगिताको आयोजना गर्न लागेको हो। यसअघि सन् दुई हजार नौ-मा भारतले विश्व च्याम्पियनसिपको आयोजना गरेको थियो।

## अनत्यमा मुख्य समाचार फेरि एकपल्ट

- सरकारले पाकिस्तानका सामाजिक सञ्जालमा प्रसारित गरिएको त्यस भिडियोको खण्डन गरेको छ, जसमा राष्ट्रपतिले राफेल विमानसम्बन्धी छानबिन आयोग गठन गर्नेबारे बयान दिनुभएको दाबी गरिएको थियो।
- राष्ट्रपति उपराष्ट्रपति तथा प्रधानमन्त्रीले आज पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको पुण्यतिथिका अवसरमा स्मारक 'सदैव अटल' मा पुष्पाञ्जली अर्पण गर्नुभयो, अनि
- 'हर घर तिरङ्गा' अभियान अन्तर्गत आज हरियाणाको करनालमा 'तिरङ्गा यात्रा' निकालियो। यो अभियान यस महिनाको नौ तारिखदेखि सत्र तारिखसम्म देशभर सञ्चालन भइरहेको छ। अनि,
- राष्ट्रिय परीक्षा एजेन्सीले यस वर्ष जुन महिनामा सम्पन्न भएको यू.जी.सी–नेट परीक्षाका चौरासी विषयका **अनन्तिम उत्तरकुञ्जी** सार्वजनिक गरेको छ।